नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोन: ९८५१२८६७७०
०१-४२१९०४४
Ext:
Email: cyberbureau @nepalpolice.gov.np
भोटाहिटी, काठमाडौं

मिति: २०७९-०३-०५ गते।

# प्रेस विज्ञप्ति

## सूचना प्रविधिको दुरुपयोग गरी विदेशी नागरिकहरुलाई Scamming गर्ने व्यक्तिहरु पक्राउः

सूचना प्रविधिको दुरुपयोग गरी अमेरिकन तथा क्यानडियन नागरिकहरूलाई लक्षित गरी Client Access लिई Client हरूको Directory Files लगायतमा Access पुऱ्याई "Your IP Address is hacked and your Network is compromised" भन्ने जस्तो भ्रामक सन्देश पठाई पीडितहरूबाट Bank Details, Personal information समेत प्राप्त गरी scamming गर्ने जिल्ला काठमाडौं, काठमाडौँ महानगरपालिका वडा नं.४ धुम्बाराहि, स्थित Orbit Nexus Pvt Ltd. संस्थाका मुख्य सञ्चालक विजय श्रेष्ठ, दुई जना भारतिय नागरीक निसान खैरे र मनिष तिवारीका साथै कार्यालयमा कार्यरत पाँच पुरुष र पाँच महिला गरी जम्मा १३ जना व्यक्तीहरुलाई विद्युतीय कारोवार ऐन २०६३ अन्तर्गतको कसूर गरेकोले मिति २०७९।०३।०३ गते यस ब्यूरोबाट खटिई गएको टोलीले पक्राउ गरी मिति २०७९/०३/०५ गते सम्मानित काठमाण्डौं जिल्ला अदालतको आदेशले ७ (दिन) म्याद थप गरी थप अनुसन्धान भईरहेको।

### पक्राउ परेका व्यक्तीहरु:

१. जिल्ला काठमाडौं बुढानिलकण्ठ नगरपालिका वडा नम्बर १२ कपन बस्ने बर्ष ३३ को बिजय श्रेष्ठ।
२. १०३ साहिसावली तारा निवास ताकीरोड नाला सोपारा थाने, महाराष्ट्र भारत घर भई हाल काठमाडौं सामाखुसी बस्ने बर्ष ३२ को निसान खैरे।
३. ग्राम-२५८, अन्जरौली फैजाबाद, मुल्कीपुर उत्तर प्रदेश भारत घर भई हाल काठमाडौं सामाखुसी बस्ने बर्ष २४ को मनीष तिवारी।
४. जिल्ला काठमाडौं का.म.न.पा.वडा नम्बर २९ रानीबारी बस्ने बर्ष २२ को आमिन खड्का।
५. जिल्ला लमजुङ नाल्मा गा.पा वडा नम्बर ५ घर भई हाल का.जि.का.म.पा वडा नम्बर २९ बस्ने बर्ष २२ को करण गुरुङ।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय साइबर ब्युरो

६. जिल्ला काभ्रे बनेपा नगरपालिका वडा नम्बर ३ नाला, घर भई हाल जिल्ला भक्तपुर राधेराधे बस्ने बर्ष ३५ को अनोज लामा।

७. जिल्ला उदयपुर चौदण्डीगढी न.पा वडा नम्बर १ घर भई हाल का.जि.का.म.न.पा वडा नम्बर ५ कालोपुल बस्ने बर्ष २० की आरूषी राई।

८. जिल्ला नुवाकोट किस्पाङ्ग गाउँपालिका वडा नम्बर २ घर भई हाल काठमाण्डौ बानियाँटार बस्ने बर्ष २१ की युबिना तामाङ्ग।

९. जिल्ला काठमाण्डौ काठमाडौं महानगरपालिका वडा नम्बर २९ रानिबारी बस्ने बर्ष २३ को आरस तुलाधर।

१०. जिल्ला दोलखा भिमेश्वर न.पा वडा नम्बर ५ घर भई हाल का.जि.का.म.न.पा वडा नम्बर १५ डल्लु बिजेश्वरी बस्ने बर्ष २६ की सपना मग्राती।

११. जिल्ला सुर्खेत बीरेन्द्रनगर नगरपालिका वडा नम्बर ९ घर भई हाल जिल्ला भक्तपुर ठीमि नगरपालिका वडा नम्बर ३२ लोकन्थली बस्ने बर्ष १९ की टिका राउत।

१२. जिल्ला झापा भद्रपुर नगरपालिका वडा नम्बर १४ घर भई हाल का.जि.का.म.न.पा वडा नम्बर ९ सिफल बस्ने बर्ष २४ की सुनिता राउत।

१३. जिल्ला नुवाकोट तादी गाउँपालिका वडा नम्बर ४ तामे घर भई हाल का.जि.का.म.न.पा वडा नम्बर २९ रानिबारी बस्ने बर्ष १९ को सागर श्रेष्ठ।

नविन्द अर्याल
प्रहरी वरिष्ठ उपरीक्षक
(प्रवक्ता एवं सूचना अधिकारी)